नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

# नौगाड गाउँपालिका

## स्थानीय राजपत्र

**खण्डः २** **संख्याः १७** **मितिः २०८०।०२।१७**

भाग —२

उपाध्यक्ष कोशेली कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७९

कार्यपालिकाबाट प्रमाणित मितिः२०७९।०७।२०
प्रमाणीकरण मितिः २०७९।०७।२०
स्थानीय राजपत्रमा प्रकाशन मितिः२०८०।०२।१७

**प्रस्तावनाः**

स्वास्थ्य संस्थाहरुमा सुत्केरीहुने महिलाहरुको संख्या अभिवृद्धि गर्न र आमा तथा नवजात शिशुको पोषण तथा स्वास्थ्य अवस्थामा सुधार ल्याउन उपाध्यक्ष कोशेली कार्यक्रम सञ्चालन गर्न वाञ्छनीय भएकाले नौगाड गाउँपालिका गाउँ कार्यपालिकाले यो कार्यविधि बनाइ लागु गरेको छ।

नौगाड गाउँपालिका

प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

**१. संक्षिप्त नाम र प्रारम्भः**

१.१ यस कार्यविधिको नाम उपाध्यक्ष कोशेली कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ रहनेछः

१.२ यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागु हुनेछ।

**२. अर्थ र परिभाषाः**

(क) **"गाउँपालिका"** भन्नाले नौगाड गाउँपालिकालाई सम्झनु पर्नेछ।

(ख) **"कार्यपालिका"** भन्नाले नौगाड गाउँपालिका गाउँ कार्यपालिकालाई सम्झनु पर्नेछ।

(ग) **"कोशेली"** भन्नाले दाल १.५ के.जी., १ लिटर सूर्यमुखी तेल, वेवि सावुन १ थान, वेवितेल १ थान, नुहाउने सावुन १ थान झोला सहितको प्याकेट सम्झिनु पर्नेछ।

(घ) **"सुत्केरी आमा"** भन्नाले नौगाड गाउँपालिका भित्रका स्वास्थ्य संस्था तथा वर्थिङ सेन्टरमा सुत्केरी भएका महिला सम्झिनु पर्छ।सो शब्दले जटिलता भइ गाउँपालिका भित्रका स्वास्थ्य संस्था तथा वर्थिङ सेन्टरहरुले अन्य स्वास्थ्य संस्थाहरुमा प्रेषण गरेका सुत्केरी आमा समेतलाई जनाउने छ।

(ङ) **"स्वास्थ्य शाखा"** भन्नाले यस गाउँपालिकाको स्वास्थ्य शाखालाई सम्झिनु पर्नेछ।

**३. उद्देश्यः**

१.१ संस्थागत सुत्केरी गराउने महिलाहरुको संख्या अभिवृद्धि गर्ने।

१.२ आमा तथा नवजात शिशुका पोषण तथा स्वास्थ्य शाखालाई सम्झिनु पर्नेछ।

**४. कार्यक्रम सञ्चालन विधिः**

१.१ आर्थिक वर्षको लागि गाउँसभाले स्वीकृत गरेको वार्षिक बजेट भित्र रही कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

१.२ गत आर्थिक वर्षहहरुमा पालिका भित्रका स्वास्थ्य संस्थाहरुमा सुत्केरी भएका महिलाहरुको तथ्याङ्कका आधारमा अनुमानित सङ्ख्यामा कोशेली प्याकेट स्वास्थ्य संस्थालाई उपलब्ध गराइनेछ।

१.३ त्रैमासिक रुपमा स्वास्थ्य संस्थाहरुले कोशेली प्याकेटहरु वितरण गरेको भरपाई स्वास्थ्य शाखामा नियमित रुपमा बुझाउनु पर्नेछ।

१.४ स्वास्थ्य शाखाले स्वास्थ्य संस्थाहरुको मागका आधारमा कम्तिमा पनि ३ महिनालाई पुग्ने गरी कोशेली झोला उपलब्ध गराउनु पर्नेछ।

१.५ स्वास्थ्य शाखाले कोशेली झोलाहरु प्याकेजिङ तथा सम्बन्धित स्वास्थ्य संस्था सम्म ढुवानीको व्यवस्था मिलाउनु पर्नेछ।

**५. कार्यक्रमको अनगमन तथा मूल्याङ्कनः** स्वास्थ्य शाखा, जनप्रतिनिधि तथा कर्मचारीहरुले कार्यक्रमको नियमित रुपमा अनुगमनतथा मूल्याङ्कन गर्नुपर्नेछ।



प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका

६. **बचाउ तथा खारेजीः** गाउँपालिकाको निर्णयले यो कार्यविधि जुनसुकै बखत संशोधन गर्न र खारेज गर्न सकिने छ। यो कार्यविधि लागुहुन अघि यस सम्बन्धी भए गरेका कार्य यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

आज्ञाले,
पुष्कर सिह धामी
प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका



प्रमुख प्रशासकीय अधिकृत